उद्योग वाणिज्य क्षेत्रमा मेलमिलाप महत्व र चुनौती विषयक अन्तरक्रिया

मिति २०७४ असोज ८ गते, आइतवार ।

*नेउवामहासंघका अध्यक्ष श्री भवानी राणाज्यूबाट व्यक्त मन्तव्य*

**प्रमुख अतिथि सम्माननीय कामु प्रधान न्यायाधीश दीपकराज जोशीज्यू**

**माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाज्यू,**

**महासंघका विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू**

**महासंघका पदाधिकारी साथीहरु**

**नेपाल वार एशोसिएशनका अध्यक्ष श्री शेर बहादुर केसीज्यू**

**मेलमिलाप परिषदका पदाधिकारीज्यूहरु,**

**वारका पदाधिकारीज्यूहरु**

**उद्यमी व्यवसायी साथीहरु**

**संचारकर्मी मित्रहरु**

- आफ्नो अतिनै व्यस्त कार्य तालिकाका बीच हाम्रो निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा प्रमुख अतिथिको रुपमा पाल्नु भई हामी निजी क्षेत्रलाई हौसला प्रदान गरिदिनु भएकोमा आजको यस समारोहका प्रमुख अतिथि सम्माननीय कामु प्रधान न्यायाधीशज्यूमा हार्दिक स्वागत अभिवादन गर्दछु ।
- त्यसैगरी सर्वोच्च अदालतका न्यायाधीश श्री अनिलकुमार सिन्हाज्यूको स्वागत अभिवादन गर्दछु । नेपाल वारका अध्यक्षज्यू सहित पदाधिकारीहरु, मेलमिलाप परिषद्का पदाधिकारीहरु, उद्यमी व्यवसायी साथीहरु तपाईहरु सवैको यस कार्यक्रममा स्वागत गर्दछु ।
- हाम्रो छोटो तयारीको बीचमा आज यो कार्यक्रम आयोजना गर्न गइरहेका छौं । महान चाड बडा दशै घरआँगनमा आइरहेको छ । यहाँहरु सवैजना आ-आफ्नो क्षेत्रमा अतिनै व्यस्त हुनुहुन्छ । आजको यो कार्यक्रमको उपस्थितिले पनि यो पुष्टि गर्दछ । कार्यक्रम आयोजना गर्न महत्वपूर्ण विज्ञ सहयोग गर्ने मेलमिलाप परिषद्का पदाधिकारी साथीहरुमा विशेष धन्यवाद दिन चाहान्छु ।

- उद्योग वाणिज्य क्षेत्रमा व्यवसायिक मेलमिलापको महत्व वारेमा जागरण गराई यसको व्यापक अभ्यास मार्फत व्यवसायिक विवादहरुको समयमै छिनोफानो गर्ने परिपाटी बसाल्न सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रमको आयोजना गरिएको हो ।
- व्यवसायका दौरानमा विभिन्न किसिमका विवादहरु उत्पन्न हुने र ती विवादहरुको अन्तिम टुंगोका लागि अहिले पनि विवादित पक्षहरु अदालतकै ढोका ढक्ढक्याउन जाने क्रम यथावत छ । व्यवसाय विस्तारसंगै विवादहरु पनि बढ्दै गएका छन् ।
- अर्थतन्त्रको विस्तारसंगै व्यवसायिक गतिविधिहरु बढी रहेका छन् । निजी क्षेत्रको विकास तथा विस्तारसंगै व्यवसायिक विवादहरु निरन्तर बढीरहेका छन् । अहिलेपनि त्यस्ता केशहरु अदालतमा हजारौको संख्यामा रहेको पाइन्छन् । कमजोर संस्थागत संरचना, पर्याप्त दक्ष जनशक्तिको अभावका कारण अदालतमा व्यवसायिक विवादका मुद्दाहरुको छिनोफानो अत्यन्त धिमा गतिमा हुने गरेका छन् । भनिन्छ- Justice delay is justice denied.
- अदालतका आफ्नै तह, प्रक्रिया, नियम कानून छन् । कानूनी माध्यमबाट विवाद समाधानमा जाँदा पार

गर्नुपर्ने अदालती प्रक्रिया, त्यसमा लाग्ने समय खर्च समेतका आधारमा विवादित पक्षहरुले निकै ठूलो आर्थिक नोक्सानी व्यहोर्नु पर्ने हुन्छ ।

- अहिले समय मूल्यवान छ । व्यवसाय गर्नेहरुका लागि समय निकै महत्वपूर्ण हुन्छ । उसले आफ्नो समय त्यसै खेर फाल्न चाहदैन । उसका लागि हरेक समय productive हुन सक्छ । व्यवसायिक विवादको छिनोफानोमा देखिएको ढिलासुस्तीले निजी क्षेत्रको विकासको साथै आर्थिक विकासमा समेत निकै ठूलो नकारात्मक असर परेको छ । यो समय भनेको विवादको छिटो निरुपण हुनु पर्ने समय हो । यसअर्थ, व्यवसायिक विवादहरुलाई अदालत जानु पूर्वनै मेलमिलापका माध्यमबाट समाधान गर्न सकिएमा त्यसबाट व्यवसायिक क्षेत्र लाभान्वित हुन सक्ने यथार्थतालाई मनन गरी महासंघले व्यवसायिक मेलमिलापको विषयलाई निरन्तर रुपमा उठाउदै आएको छ ।
- विवादले कानूनी रुप लिनु अगाडीनै त्यसको छिनोफानो गर्ने एउटा प्रभावकारी संयन्त्र हुन नसक्दा विवादित पक्षहरु अदालतको ढोका ढक्ढक्याउन बाध्य छन् । यस्ता विवादहरु छिनोफानोका लागि अदालतमा जाँदा त्यसबाट व्यवसायीमात्र होइन न्यायालयलाई

पनि निकै ठूलो आर्थिक भार पर्न गएको छ । हाम्रो जोड एउटा त्यस्तो प्रभावकारी संयन्त्र निर्माण हुनुपर्नेमा छ जसले विवादित पक्षहरुलाई एकअर्कामा नजिक बनाउन, दुवै पक्षको सोचमा परिवर्तन ल्याउन र दुवै पक्षलाई जित जितको अवस्था (win-win Situation) मा विवाद समाधानमा महत्वपूर्ण सहयोग गरोस ।

- नेपालमा विवाद समाधानका लागि Arbitration लाई एउटा mechanism को रुपमा अभ्यास गरिदै आएको छ । तर यो mechanism मार्फत विवाद समाधान त्यति प्रभावकारी हुन सकेको देखिदैन भने यो निकै खर्चिलो हुनुको साथै समय पनि निकै धेरै लाग्ने गरेको छ । तसर्थ Commercial Mediation लाई विवाद समाधानको मुख्य औजारको रुपमा अगाडी बढाउनु पर्ने हाम्रो धारणा छ ।
- निजी क्षेत्रकै माग र सुझाव अनुसार गठन भएको Commercial Court ले पनि व्यवसायिक मुद्दाहरुलाई प्रभावकारी रुपमा छिनोफानो गर्न नसकेको हाम्रो अनुभव छ । व्यवसायिक मुद्दाहरुलाई मात्र हेर्नेगरी खडा गरिएका यस्ता निकायहरुमा पर्याप्त दक्ष जनशक्ति खासगरी व्यवसायिक विषयहरु वुझेका

ज्ञाताहरुलाई नियुक्त गरी साधनस्रोत सम्पन्न बनाउनु पर्ने हाम्रो सुझाव छ ।

- Commercial Mediation लाई एउटा अभियानकै रुपमा लैजानु पर्ने हाम्रो जोड छ । महासंघ पनि आफ्नो संघीय संरचना अनुसार गैसकेको र सातै वटा प्रदेशमा आफ्ना प्रदेश च्याप्टरहरु खडा गरी सकेको छ । संघीय संरचना अनुसार उच्च अदालत र जिल्ला अदालत खडा भैसकेकाले हामी केन्द्रदेखि प्रदेश तहसम्म न्यायालयको सहयोग र सहकार्यमा व्यवसायिक मेलामिलापलाई एउटा अभियानको रुपमा लैजान चाहान्छौं । आगामी दिनमा मेलमिलापको विषयलाई अभियानकै रुपमा लैजानु पर्छ भन्ने हाम्रो जोड छ । महासंघ त्यसको नेतृत्व लिन तयार छ ।
- आज यो कार्यक्रममा विद्वान व्यक्तित्वहरुको सहभागिताबाट पनि यस विषयमा व्यवसायीहरु लाभान्वित हुने मेरो विश्वास छ । आजको कार्यक्रमलाई अभियानको प्रारम्भको रुपमा लिंदै कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्दछु । अगामी दिनमा निरन्तर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु ।
- अन्तमाः बडा दशै २०७४ को यहांहरु सवैमा हार्दिक मंगलमय शुभकामना

धन्यवाद ।